# नेपाल गजेट

## भाग ४


नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६ ] काठमाडौं वैशाख २५ गते २०१३ साल [ संख्या ३


### अर्थ (आय) मन्त्रालयको सूचना

पत्रसंख्याः —२१ (क) ३।

एक जिल्लाबाट अर्को जिल्लामा सरहद्कै बाटो गरी पैठारी गरेको माल लैजाने बारे।

७।१२।१२ को निर्णयानुसार भारतको पैठारी महसुल फिर्ता हुने र भारतीय केन्द्रीय अन्तःशुल्क फिर्ता हुने कार्य–प्रणालीअनुसार नेपाल राज्यमा पैठारी गरिएका माल फेरि सरहद्कै बाटो एक जिल्लाबाट अर्को जिल्लामा लान ल्याउन परे तपसीलका नियमहरू पालन गर्नुपर्छ।

(१) यसरी पैठारी भएको माल अद्दत फेरि आफ्नै सरहद्को बाटो गरी एक जिल्लाबाट अर्को जिल्लामा बसार पसार गर्न पाउँछ। तर जुन भंसार इलाकामा लैजाने हो, सो भंसारको नाम खोली आफ्नो इलाकाको भंसारमा यसरी बसार पसार गरी लैजाननिमित्त भंसारमा माल दाखिल हुनासाथ जहाँ जहाँ भनि भनि जाने हो, सोही अनुसार दरखास्त दी रीतपूर्वक गरी गराई छोड पुर्जी गराई लिनुपर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यसरी पैठारी भएको माल बसार पसार गर्नै पर्दा यस्तो मालमा कुनै महसुल या डिपोजिटसमेत राख्नुपर्दैन।

(३) यसरी बसार पसार गरिने मालला‍ई निकासी या पैठारी भनिदैन। तर आन्तरिक बसार पसार गरिने माल भनिन्छ।

(४) यस्तो माल जुन भंसार इलाकाबाट जमिन्छ, सो भंसारले माल जाने इलाकाको भंसार बजार—अड्डालाई मालको नाम, बिवरण, अदतको नम्बर, तौल, मोल, मिति, पठाउने र पाउनेको पूरा नाम ठेगाना प्रष्ट देखिने गरी पुर्जी लेखी दिनुपर्छ र पुर्जीमा का हरेक अदतमा आफ्नो अड्डाको सील लगाउनुपर्छ। मोहरु दरबन्दी भएको ठाउँमा यसरी अदतमा लगाइने हरेक सील (लाहा छाप) को मोरु।४ चार पैसा र कम्पनी दरबन्दी भएको ठाउँमा अदतमा लगाइने हरेक सील (लाहा छाप) को कं. रु -/ एक आना दस्तुर लिने र त्यस्तो आएको आमदानी बेहोरा जनाई सदर स्याहामा आमदानी बाँध्ने।

(५) यस्तो माल आएमा बाटोमा पर्ने बजार भंसार र चौकीहरुले मालसाथ आएको पुर्जीमा लेखेअनुसार अदत मिलाई पुर्जीको पीठमा चाहिने बेहोरा जनाई निस्सा लगाइदिनू।

[६] मालधनीले इलाकामा माल पुगेपछि त्यस इलाकाको भंसार बजार अड्डालाई माल ल्याई पुग्‍याएको सूचना दी मालसमेत जचाउनुपर्छ।

[७] पुर्जीमा कीटिएका भंसार बजार अड्डामा सो माल दाखील भएपछि पुर्जी बुझी ली माल जाँची महसुल नली जमत राखी माल छाडिदिने गर्नू। घटबढ भएमा दरबन्दीअनुसारको महसुल ली सोही बेहोरा पचाल भै आएको अड्डालाई सूचना दिनू।

आज्ञाले—
नीरराज,
सेक्रेटरी—अर्थसचिवालय.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।